# स्थानीय राजपत्र

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, दिप्रुङ चुइचुम्मा गाउँपालिका, याङसोलाटार खोटाङ भाद्र ०९ गते, २०८३ साल, (संख्या-२)


# भाग १

### दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### याङसोलाटार, खोटाङको सूचना

---

# आर्थिक ऐन, २०८३

**प्रस्तावनाः** दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिकाले यो आर्थिक ऐन, २०८३ बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रमा लागू हुनेछ

२. **सम्पत्ति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि घरको र जग्गाको मूल्यांकन दर अनुसूची -२ तथा घरको ह्रास कट्टीको दर अनुसूची -३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**३. मालपोत :** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची -४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**४. घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, वा जग्गा पूरै वा आशिक तवरले बहालमा दिई प्राप्त गरेको आयमा घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ । (२) उपदफा (२) बमोजिम लगाइने घर जग्गा बहाल करको दर अनुसूची ५ मा तोकिए बमोजिम हुनेछ ।

**५. व्यवसाय दर्ता शुल्क तथा कर** : (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पुँजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गीकरण गरी व्यवसाय दर्ता गरी कर लगाइने र असुल उपर गरिनेछ । साथै गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने गैर सरकारी संस्था, समूह, सञ्जाल, क्लब तथा उपभोक्ता संस्थाहरु लगायतको सञ्चालनका लागि यसै ऐन बमोजिम तोकिए बमोजिम कर असुली गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असुली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केटहरूको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असुली गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम लगाइने व्यवसाय करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

**<u>६. जडिबुटी, कवाडी र जीवजन्तु करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनसूची - ७ बमोजिम जडिबुटी, कवाडी ता जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

**<u>७. सवारी साधनको प्रभाव करः</u>** (१) गाउँपालिका क्षेत्रभित्रका माल बाहक ट्रक, ट्रिफर, ट्याक्टर, स्काभेटर, व्याकहोलोडर, यात्रुबाहक बस, बुलेरो जीप, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची ८ मा तोकिए बमोजिम हुनेछ ।

**<u>८. विज्ञापन कर :</u>** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची ९ मा तोकिए बमोजिम हुनेछ ।

**<u>९. मनोरञ्जन करः</u>** गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असल उपर गरिनेछ ।

**<u>१०. बहाल बिटौरी शुल्क :</u>** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची-१० मा तोकिए बमोजिम हुनेछ ।

**११. सेवा शुल्क दस्तुर :** गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची - ११ मा उल्लिखित दरमा सेवाशुल्क तथा दस्तुर लगाई असुल उपर गर्नेछ ।

**१२. बिक्री गर्न सक्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुहरू तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी आदि तथा नक्सा पासका लागि आवश्यक निवेदन फाईल, बोलपत्र वा दरभाउपत्र फाराम आदि अनुसूची - १२ मा उल्लेख भए बमोजिमको दरमा बिक्री गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुहरू आदि बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले अमानत विधिबाट बिक्री गरी रकम संकलन गर्न सक्नेछ ।

**१३. भाडामा लगाउन सक्ने:** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची - १३ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

**१४. जरिवाना, ब्याज, हर्जाना र दण्डः** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसूल तोकिएको समयमा भुक्तानी नगरेमा वा प्रचलित कानून पालना नगरेको कसूरमा अनुसूची - १४ मा उल्लेख गरिएको व्यवस्था तथा दरमा र सो दर नतोकिएकोमा कार्यपालिकाबाट तोकिएको दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

**१५. कर छुटः** (१) गाउँपालिकालाई वार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको पहिलो महिनाभित्र र मासिक रुपमा तिर्नुपर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई

नियमानुसार लाग्ने करको १०% छुट दिइनेछ । सम्बन्धित किसानले नै आफैं बजार सम्म उत्पादित बस्तु निकासी गर्न चाहेमा ५०% छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसस्थाको सम्पत्ति वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

***स्पष्टीकरणः*** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरू, सरकारी वा सामुदायिक विद्यालयहरू, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

**१६. निकासी दस्तुर (१)** गाउँपालिका क्षेत्रभित्र रहेका वनजङ्गलबाट प्राप्त हुने काठ तथा वनपैदावार बस्तुको बिक्रि भई गाउँपालिका क्षेत्रबाट अन्यत्र निकासी गर्दा व्यक्ति वा व्यवसायी अनुसुची १५ (क) बमोजिम राजश्व तिर्नुपर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रबाट निकासी हुने पुशपंक्षी तथा चौपायाहरु, कृषि उपज लगायतको विक्रि भई गाउँपालिका क्षेत्रबाट अन्यत्र निकासी गर्दा व्यक्ति वा व्यवसायी अनुसुची बमोजिम राजश्व तिर्नुपर्नेछ ।

**१७. अन्य सेवा शुल्क तथा दस्तुरः** (१) गाउँपालिकाद्वारा सञ्चालित आधारभुत अस्पताल ओखेमा सञ्चालन भएको ल्याव सेवा, ओपिडि शुल्क, अन्य सेवा शुल्क एवं गाउँपालिकाद्वारा सञ्चालित हेल्लो डाक्टर कार्यक्रमको सेवा पुर्जा शुल्क तथा आधारभूत अस्पताल बिरामी पुर्जा शुल्क अनुसूची १६ र गाउँपालिकाका लागि आवश्यक कर्मचारीहरुको करार सेवामा परीक्षा सञ्चालनका लागि परीक्षा दरखास्त शुल्क अनुसूची १७ बमोजिम हुनेछ ।

**१८. प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएको विषयहरूमा यसै बमोजिम र उल्लेख नगरिएको विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची-१**

(दफा २ को उपदफा (२) संग सम्वन्धित)

**सम्पत्ति करको दरः**

| सम्पत्तिको मूल्य | बार्षिक दर रु. |
|---|---|
| १ लाख रुपैयाँ सम्मको | रु. ५०/- |
| १ लाख देखि ५ लाख रुपैयाँ सम्म | रु. १००/- |
| ५ लाखदेखि १० लाख रुपैयाँ सम्म | रु. २००/- |
| १० लाख देखि १५ लाख रुपैयाँ सम्म | रु. ५००/- |
| १५ लाख देखि २० लाख रुपैयाँसम्म | रु. १०००/- |
| २० लाख देखि २५ लाख रुपैयाँसम्म | रु. १५००/- |
| २५ लाख भन्दा माथि | रु. २०००/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची -२

(दफा २ को उपदफा (३) संग सम्बन्धित)

**घरको तथा जग्गाको मूल्यांकन दरः**

**(क) घरको मूल्यांकन दर**

**घरको मूल्याङ्कन दर गाउँ कार्यपालिकाबाट मापदण्ड बनाई लागू गरिनेछ ।**

**(ख) जग्गाको मुल्यांकन दर**

घरले चर्चेको जग्गाको मुल्यांकनका लागि जग्गाको हालको मालपोत रजिष्ट्रेशनको दरलाई आधार मानिनेछ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची-३

(दफा २ को उपदफा (३) संग सम्वन्धित)

**घरको ह्रास कट्टी दरः**

**गाउँपालिकाले ह्रास कट्टी दर आवश्यक कानुन निर्माण गरी तोक्नेछ ।**

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची-४

(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

**मालपोतको दरः**

| क सं | भूमिको किसिम | प्रति रोपनी रु. |
| --- | --- | --- |
| १ | कृषि क्षेत्र | रु. ५/- |
| २ | आवासीय क्षेत्र | रु. १०/- |
| ३ | औद्योगिक क्षेत्र | रु. २०/- |
| ४ | ब्यवसायिक क्षेत्र | रु. ५०/- |
| ५ | खानी तथा खनिज क्षेत्र | रु. १०/- |
| ६ | वन क्षेत्र | रु. १०/- |
| ७ | नदी खोला ताल सिमसार क्षेत्र | रु. ५/- |
| ८ | सार्वजनिक उपयोगको क्षेत्र | रु. १०/- |
| ९ | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | रु. १०/- |
| १० | अन्य क्षेत्र | रु. ५/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

# अनुसूची-५

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

**<u>घर जग्गा बहाल करको दरः</u>**

| जग्गा तथा घर भाडामा लिने | करको दर |
|---|---|
| लेखा परिक्षण गराउने भएका संस्थाहरुले वहालमा लिएको जग्गा र घरको | वहाल रकमको १० प्रतिशत |
| अन्य (व्यापार, व्यवसायिक, घरायसी वा कृषि) प्रयोजनका लागि लिएको जग्गा र घरको | वहाल रकमको १० प्रतिशत |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची -६

(दफा ५ उपदफा (३) संग सम्बन्धित)

**व्यवसाय दर्ता तथा नविकरण शुल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले गाउँपालिकावाट व्यवसाय इजाजत पत्र लिई वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ । व्यवसाय दर्ता तथा नवीकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजि रहेको छ :

| क्र.स | व्यवसायको किसिम | | दर (रु.) | |
|---|---|---|---|---|
| | विवरण | बिस्तृत विवरण | दर्ता | नविकरण |
| १ | मदिरा पसल | वितरक | ३०००/- | २०००/- |
| | | थोक | २०००/- | १५००/- |
| | | खुद्रा | १०००/- | ७००/- |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००/- | १५००/- |
| | | थोक | १५००/- | १०००/- |
| | | खुद्रा | १०००/- | ७००/- |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५००/- | १०००/- |
| | | थोक | १०००/- | ७००/- |
| | | खुद्रा | ५००/- | ३००/- |
| ४ | सुन चादीँ पसल | थोक | १५००/- | १०००/- |
| | | खुद्रा पसल र मर्मत | १०००/- | ७००/- |
| ५ | औषधी पसल | थोक | ३०००/- | २०००/- |
| | | खुद्रा डाक्टर भएको | २०००/- | १५००/- |
| | | खुद्रा डाक्टर नभएको | १५००/- | १०००/- |
| ६ | माछामासु बिक्री पसल | | २०००/- | १५००/- |
| ७ | आयुर्वेदिक औषधी पसल | | १०००/- | ७००/- |
| ८ | एग्रोभेट पसल | थोक | २०००/- | १५००/- |
| | | खुद्रा | १०००/- | ७००/- |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | २०००/- | १५००/- |

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | १०००/- | ७००/- |
| १० | छपाई तथा प्रकाशन | अफसेट प्रेस | २०००/- | १५००/- |
| | | साधारण प्रेस | १०००/- | ७००/- |
| ११ | कस्मेटिक पसल | | १०००/- | ७००/- |
| १२ | मोटर पार्ट्स | थोक | २०००/- | १५००/- |
| १३ | प्लाई तथा ग्लास | थोक | २५००/- | २०००/- |
| | | खुद्रा | १५००/- | १०००/- |
| १४ | कपडा/फेन्सि/जुत्ता चप्पल | थोक | २०००/- | १५००/- |
| | | खुद्रा | १५००/- | १०००/- |
| १५ | धागो टाक पसल | थोक | १०००/- | ५००/- |
| | | खुद्रा | ५००/- | ३००/- |
| १६ | इलोक्ट्रोनिक पसल | वितरक | ३०००/- | २५००/- |
| | | थोक | १५००/- | १०००/- |
| | | खुद्रा | १०००/- | ७००/- |
| १७ | हार्डवयर/ मेसिनरी/स्यानिटरी/मार्बल | थोक | ५०००/- | ४०००/- |
| | | खुद्रा | ३०००/- | २५००/- |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००/- | ४०००/- |
| | | पेट्रोल बिक्री केन्द्र | ३०००/- | २५००/- |
| | | ग्यास सिलिन्डर सब डिलर | ३०००/- | २५००/- |
| | | मट्टितेल मात्र बिक्री | २०००/- | १५००/- |
| १९ | स्टिल आल्मुनियम पसल | थोक | २०००/- | १५००/- |
| | | खुद्रा | १०००/- | ७००/- |
| २० | फर्निचर | थोक | १५००/- | १०००/- |
| | | खुद्रा | १०००/- | ७००/- |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | १००००/- | ७०००/- |
| २२ | कपडा सिलाई कटाई | टेलरिङ आधुनिक | १०००/- | ७००/- |
| | | हाते मेसिन | ५००/- | ३००/- |

| | | | | |
|---|---|---|---|---|
| २३ | सुकर तथा पुल हाउस | वार्षिक | २०००/- | १५००/- |
| २४ | क्यारेम बोर्ड | | ५००/- | ३००/- |
| २५ | पशु आहार बिक्री केन्द्र | | १०००/- | ७००/- |
| २६ | किराना पसल | थोक | १५००/- | १०००/- |
| | | खुद्रा | ५००/- | ३००/- |
| २७ | फलफुल/तरकारी पसल | थोक | १०००/- | ७००/- |
| | | खुद्रा | ५००/- | ३००/- |
| २८ | उपहार/गिफ्ट/खेलौना पसल | थोक | १०००/- | ७००/- |
| | | खुद्रा | ५००/- | ३००/- |
| २९ | भाँडा पसल (स्टिल, प्लास्टिक, आल्मोनियम) | थोक | २५००/- | २०००/- |
| | | खुद्रा | १५००/- | १०००/- |
| ३० | माटाको भाडाँ पसल | थोक, खुद्रा | २००/- | १००/- |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी | चिकित्सक | २०००/- | १५००/- |
| | | कन्सलटेन्ट सेवा (इन्जिनियरिङ्ग) | २०००/- | १५००/- |
| | | कानून व्यवसायी फर्म | २०००/- | १५००/- |
| | | लेखापरिक्षण व्यावसायी | २०००/- | १५००/- |
| | | दन्तचिकित्सिक | २०००/- | १५००/- |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००/- | १५००/- |
| | | पशु चिकित्सक डाक्टर | २०००/- | १५००/- |
| | | रोजगार सेवा | २०००/- | १५००/- |
| ३२ | ढुवानी/ट्रान्सपोर्ट तथा सप्लायर्स | | २,५००/- | २,०००/- |
| ३३ | पेन्टर/साईनबोर्ड लेख्ने | | १०००/- | ७००/- |
| ३४ | खोटो व्यवसयी | | १५००/- | १०००/- |
| ३५ | जग्गा व्यवसायी | | २०००/- | १५००/- |
| ३६ | निर्माण व्यवसायी सूचिकरण | | ५,०००/- | |
| | **उत्पादनमूलक उद्योग** | | | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | ग्रील उद्योग | | ३०००/- | २०००/- |
| ३८ | जुत्ता उद्योग | | १५००/- | १०००/- |
| ३९ | घरेलु कुटिर उद्योग (अगरबत्ती, मैनबत्ती,टिकी, अचार तथा अन्य कुटिर) | | ५००/- | ३००/- |
| ४० | कपडा तथा गार्मेट उद्योग | | ५०००/- | ४०००/- |
| ४१ | सिरक डसना उद्योग पसल | | १५००/- | १०००/- |
| ४२ | कुटानी पेलानी/मिल | | १५००/- | १०००/- |
| ४३ | मसला मिल | | १०००/- | ७००/- |
| ४४ | डेरी उद्योग/व्यवसाय | | १०००/- | ७००/- |
| ४५ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००/- | ७००/- |
| | | दालमोड पाउरोटी चाउमीन | १०००/- | ७००/- |
| | | पापड चिप्स फिंगर | १०००/- | ७००/- |
| ४६ | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ५०००/- | ४०००/- |
| | | काठ बिक्री डिपो | २०००/- | १५००/- |
| ४७ | क्रसर कन्क्रिट इट्टा भट्टा उद्योग | | १५,०००/- | १०,०००/- |
| ४८ | ढाकाटोपी पस्मिना उद्योग | | ५००/- | ३००/- |
| ४९ | सुर्तिजन्य उद्योग | | ५०००/- | ४०००/- |
| ५० | होटल लज रेष्टरेन्ट | होटल र लज | २०००/- | १५००/- |
| | | भोजनालय | १०००/- | ७००/- |
| | | मिठाई पसल | ५००/- | ३००/- |
| | | पार्टी प्यालेस | ३०००/- | २०००/- |
| | | रेष्टुरेन्ट-बार | ५०००/- | ३०००/- |
| | | चिया र खाजा पसल | ५००/- | ३००/- |
| | | खाजा-नास्ता पसल (मदिरासहित) | २०००/- | १५००/- |
| ५१ | टेन्ट हाउस | | २०००/- | १५००/- |

| | | | | |
|---|---|---|---|---|
| ५२ | सञ्चार | एफ.एम.प्रसारण | २०००/- | १५००/- |
| | | केवल च्यानल प्रसारण | २०००/- | १५००/- |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००/- | ७००/- |
| | | फोटोकपी, पि.सि.ओ साईवर | १०००/- | ७००/- |
| | | कुरियर सेवा | १०००/- | ७००/- |
| | | कलर ल्याव/फोटो स्टुडियो | १०००/- | ७००/- |
| ५३ | वित्तीय | वाणिज्य वैंक प्रति शाखा | ५०००/- | वार्षिक |
| | | विकास बैंक प्रति शाखा/ फाइनान्स कम्पनी शाखा कार्यालय | ५०००/- | |
| | | वित्तीय/ऋण सहकारी संस्था | ३०००/- | |
| | | मनी ट्रान्सफर | २०००/- | |
| | | विमा कम्पनी | १५००/- | |
| | | लघु वित्त | २०००/- | |
| ५४ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | ५०००/- | ४०००/- |
| | | क्लिनिक तथा ल्याव | २५००/- | २०००/- |
| | | चस्मा पसल | १५००/- | १०००/- |
| ५५ | | क्याम्पस | २००००/- | १५०००/- |
| | | मा.वि उच्च मा.वि. | १५०००/- | १२०००/- |
| | | मा.वि. | १२०००/- | १००००/- |
| | | आधारभूत तह (कक्षा ८ सम्म) | १००००/- | ८०००/- |

| | | | | |
|---|---|---|---|---|
| | निजी शैक्षिक संस्था अनुमति तथा दर्ता/नविकरण | आधारभूत तह (कक्षा ५ सम्म) | ८०००/- | ६०००/- |
| | | छात्रावास | ३०००/- | २५००/- |
| | | मन्टेस्वरी | २५००/- | २०००/- |
| | | ट्युसन सेन्टर | १५००/- | १०००/- |
| | | कम्प्युटर/नृत्यकला सिकाई केन्द्र | २०००/- | १५००/- |
| | | तालिम तथा अनुसन्धान केन्द्र | ४०००/- | ३०००/- |
| ५६ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ, हावा भर्ने | १०००/- | ७००/- |
| | | इन्जिन मर्मत | १५००/- | १०००/- |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५००/- | १०००/- |
| | | टि.भि., फ्रिज, मोटर, पङ्खा, कम्प्युटर | १५००/- | १०००/- |
| | | रेडियो, घडी, मोबाईल, | १५००/- | १०००/- |
| | | मोटरसाईकल मर्मत | २५००/- | २०००/- |
| | | बस,ट्याक्सी मर्मत | २५००/- | २०००/- |
| | | अन्य विविध मर्मत | १५००/- | १०००/- |
| ५७ | ड्राइ क्लिनिक, व्यूटी पार्लर तथा सैलुन | | १०००/- | ७००/- |
| ५८ | फूल विरुवा पसल | | ५००/- | ३००/- |
| ५९ | मनोरञ्जन कर | जादु सर्कस चटक आदिमा | ३०० प्रति दिन | - |
| ६० | पार्किङ शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने । | | | |
| | **गैर सरकारी संस्थाहरु** | | | |
| ६१ | नाफामूलक समूह, क्लब, मञ्च, सञ्जाल जस्ता संस्था | | १५००/- | १०००/- |
| ६२ | आमा समूह | | १५००/- | ५००/- |
| ६३ | उपभोक्ता संस्था | | १०००/- | ७००/- |

| | | | | |
|---|---|---|---|---|
| ६४ | अन्य नाफामूलक गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००/- | १५००/- |
| | | अन्तराष्ट्रिय | ५०००/- | ४०००/- |

**कृषिजन्य ब्यवसायको दर्ता तथा नविकरण शुल्कः**

| क्र.स. | व्यवसायको किसिम | दर्ता | नविकरणर |
|---|---|---|---|
| १ | १ लाख सम्मको फर्म (कृषि, पशुपंक्षी मत्स्य लगायत) | रु. ५००/- | रु. ३००/- |
| २ | १ देखि ५ लाख सम्मको फर्म (कृषि, पशुपंक्षी मत्स्य लगायत) | रु. १०००/- | रु. ७००/- |
| ३ | ५ देखि २० लाख सम्म फर्म (कृषि, पशुपंक्षी मत्स्य लगायत) | रु. १५००/- | रु. १०००/- |
| ४ | २० लाख भन्दा माथि फर्म (कृषि, पशुपंक्षी मत्स्य लगायत) | रु. २०००/- | रु. १५००/- |
| ५ | कृषि उपकरण वापतको रकम/अन्य मेसिनरी | कृषि-२०%<br>अन्य-२५% | |

**घ वर्गको निर्माण ब्यवसायी इजाजत पत्र दस्तुरः**

| क्र.स. | व्यवसायको किसिम | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | घ वर्गको निर्माण ब्यवसायी इजाजत पत्र दस्तुर | रु. २००००/- | रु. १००००/- |

**अनुसूची-७**

(दफा ६ संग सम्बन्धित)

**जडीबुटी, कवाडी र जीवजन्तु करको दरः**

गाउँ क्षेत्रभित्र उत्पादन वा संकलन भई व्यवसायिक उपयोग हुने निम्नलिखित वस्तुहरूमा देहाय बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लिइनेछ :

| क. सं. | जडीबुटी, कवाडी र जीवजन्तु | वार्षिक कर | |
|---|---|---|---|
| १ | खाली सीसी, प्लाष्टिक ( बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा, तेलको टिन, धातुका टुक्राहरू, पुनः प्रशाधन रिसाइक्लिङ्) गरी पुनः प्रयोग प्रयोगमा आउन सक्ने सामानहरू | प्रति ट्रिप | ट्रिप ठूलो ट्रक रु. २,०००/- सानो ट्रक, टिपर, रु १०००/- सानो भ्यान ट्र्याक्टर रु ७००/- |
| २ | खोटो प्रति टिन प्रति टिन | प्रति टिन | रु. ३०/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची-८

(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

**वातावरण प्रभाव शुल्क दर**

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनहरुले वार्षिक रुपमा सूचिकृत भई गाउँपालिकामा सञ्चालन गर्दा वातावरणमा पुर्याएको प्रतिकूल प्रभाव वापतको शुल्क दर निम्न अनुसार हुनेछः

| क.स | सवारीको किसिम | एकाई | प्रभाव शुल्क दर (रु.) वार्षिक |
|---|---|---|---|
| १ | तीन पाङ्ग्रे सवारी साधन | वार्षिक | रु. ५००/- |
| २ | स्काभेटर | वार्षिक | रु. २००००/- |
| ३ | ट्याक्टर | प्रति टिप/वार्षिक सूचिकृत | रु. ५०/- र रु. ३०००/- |
| ३ | व्याकहोलोडर | वार्षिक | रु. १००००/- |
| ४ | बस, ट्रक, लरी र हेभी मेसिन | प्रति टिप/वार्षिक सूचिकृत | रु. २००/- र रु. ३०००/- |
| ५ | भाडाका कार/जिप | प्रति टिप | रु. २००/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची -९

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**विज्ञापन करको दर**

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएको विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिनेछ :

| क्र.स | विज्ञापन सामग्रीको किसिम | वार्षिक विज्ञापन कर (रु.) |
|---|---|---|
| १ | विद्युतिय डिजिटल बोर्ड प्रति वर्ग फिट | रु. २५०/- |
| २ | होडिङ्ग बोर्ड प्रति वर्ग फिट | रु. २५/- |
| ३ | ब्यानर पोष्टर प्रति वर्ग फिट | रु. १०/- |
| ४ | भित्ते लेखन प्रति वर्ग फिट | रु. १०/- |
| ५ | व्यापार तथा मेला आदीमा इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | रु. २५०/- |

नोटः (१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामाग्री राख्न सक्नेछ। यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ ।

(२) गाउँपालिकाको इजाजत नलिई गरिएको विज्ञापन सामग्रीहरूलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रिम सूचनाविना हटाउन सक्नेछ ।

(३) पसलहरूमा राखिने परिचयपाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साइज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचयपाटीमा विज्ञापनमूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

## अनुसूची -१०

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**बहाल बिटौरी शुल्कको दर**

**क. ऐलानी तथा सार्वजनिक स्थलको उपयोगः**

| स्थान | शुल्को दर | कैफियत |
|---|---|---|
| गाउँक्षेत्रका सडकको दायाँ बायाँको जग्गा उपभोग गरेबापत | प्रति वर्ग फिट न्यूनतम मासिक रु ५ र अन्य क्षेत्रमा न्यूनतम मासिक रु ५ | |
| सार्वजनिक स्थलमा गाउँपालिकाद्वारा निर्माण गरिएको संरचना प्रयोग गरेवापत | प्रति वर्ग फिट प्रति पटक रु ५ | |
| सार्वजनिक स्थलको खुला क्षेत्रमा पटके रुपमा ब्यापार ब्यवसाय उपयोग गरे बापत गरिनेछ । | प्रति पटक रु ५ देखी ५० रुपैयाँसम्म | शुल्कको प्रकार गाउँ कार्यपालिकाले तेक्न सक्ने |

**ख. अस्थायी हाटबजार र घुम्ती पसल (पटके रुपमा):**

| क्र.स | व्यापार/व्यवसाय/कारोवार | शुल्कको दर (पटेक रुपमा) रु. |
|---|---|---|
| १ | जात्रा | रु. १०००/- |
| २ | व्यापार व्यवसाय प्रति पटक | रु. ५००/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

# अनुसूची-११

(दफा ११ को उपदफा (१) संग सम्बन्धित)

**शुल्क तथा दस्तुरको दरः**

| क्र.स | सिफारिस, अनुमति र प्रमाणित | | दर |
|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | |
| १ | घरजग्गा नामसारी सिफारिस | ५ रोपनी सम्म | रु. १५०/- |
| | | ५ देखि १० रोपनी सम्म | रु. २००/- |
| | | १० देखि २० रोपनी सम्म | रु. २५०/- |
| | | २० देखि ५० रोपनी सम्म | रु. ३५०/- |
| | | ५० रोपनी भन्दा माथि | रु. ५५०/- |
| २ | मोही लागत कट्टा सिपारिस | १ रोपनी सम्मको | रु. १५०/- |
| | | १ रोपनी भन्दा माथिको | रु. २५०/- |
| ३ | घर कायम सिफारिस | पक्की घर ( प्रति घर ( प्रति वर्ग फिट) | रु. ५/- |
| | | कच्ची घर (प्रति वर्ग फिट) | रु. ३/- |
| ४ | सरजमिन सिफारिस दस्तुर | | रु. ३००/- |
| ५ | छात्रवृत्ती सिफारिस | | रु. १५०/- |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | | निशुल्क |
| ७ | अपाङ्गता भएका सिफारिस | | निशुल्क |
| ८ | अस्थाई बसोबास सिफारिस | | रु. ३००/- |
| ९ | स्थायी बसोबास सिफारिस | | रु. २००/- |
| १० | नागरिकता सिफारिस | वंशज | रु. २००/- |
| | | अंगिकृत | रु. ५००/- |
| ११ | विद्युतिय जडान सिफारिस | | रु. १५०/- |
| १२ | धारा जडान सिफारिस | | रु. १५०/- |
| १३ | जिवित रहेको सिफारिस | | रु. १५०/- |

| | | | |
|---|---|---|---|
| १४ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्म मिति संसोधन सिफारिस | | रु. २५०/- |
| १५ | व्यवसायक बन्द सिफारिस | | रु. १५०/- |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | रु. १५०/- |
| १७ | व्यवपार व्यवसाय नभएको सिफारिस | | रु. १५०/- |
| १८ | कोट फि मिनाहा सिफारिस | | निशुल्क |
| १९ | नाबालक परिचय सिफारिस | | निशुल्क |
| २० | चौपाया सम्बन्धी सिफारिस | | रु. १५०/- |
| २१ | व्यवासाय दर्ता सिफारिस | | रु. ५००/- |
| २२ | उद्योग ठाउँसारी सिफारिस | | रु. ५००/- |
| २३ | विद्यालय ठाउँसारी सिफारिस | | रु. ५००/- |
| २४ | आन्तरिक बसाइसराई सिफारिस | | रु. २००/- |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि सिफारिस | | रु. १०००/- |
| २६ | व्यक्तिगत विवरण सिफारिस/नविकरण सिफारिस | | रु. १५०/- |
| २७ | जग्गा दर्ता सिफारिस | | रु. २००/- |
| २८ | संरक्षक सिफारिस व्यक्तिगत | | रु. १५०/- |
| २९ | संरक्षक सिफारिस संस्थागत | | रु. २००/- |
| ३० | | | रु. १५०/- |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारिस | | रु. १५०/- |
| ३२ | स्वास्थ्य उपचारको सिफारिस | निशुल्क उपचारको लागि | निशुल्क |
| ३३ | संस्था दर्ता सिफारिस | | रु. ५००/- |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारिस | | रु. ५००/- |
| ३५ | जीवित संगको नाता प्रमाणित | | रु. २००/- |

| | | | |
|---|---|---|---|
| ३६ | मृतकसंगको नाता प्रमाणित | | रु. २००/- |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | रु. १०००/- |
| ३८ | आर्थिक अवस्था कमजोर वा बिपन्न प्रमाणित | | रु. १५०/- |
| ३९ | जग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित | | प्रति १००० रु. ७५ पैसा |
| ४० | चारकिल्ला प्रमाणित | बाटो भएको<br>बाटो नभएको | रु. १५०/- |
| ४१ | जन्म मिति प्रमाणित | | रु. १५०/- |
| ४२ | बिवाह प्रमाणित | | रु. १५०/- |
| ४३ | घर पाताल प्रमाणित | | रु. १५०/- |
| ४४ | कागज/मञ्जुरीनामा प्रमाणित | | रु. १५०/- |
| ४५ | हकवाला वा हकदार प्रामणित | | रु. १५०/- |
| ४६ | घर सिफारिस/प्रमाणित | पक्की | रु. १०००/- |
| | | कच्ची | रु. ५००/- |
| ४७ | अविवाहित प्रमाणित | | रु. २००/- |
| ४८ | अपुताली सिफारिस | | रु. १५०/- |
| ४९ | अन्य सिफारिस वा प्रमाणित | | रु. १५०/- |
| ५० | घर नक्सापास दस्तुर | पक्की घर | रु. १५००/- |
| | | कच्ची घर | रु. ५००/- |
| ५१ | नक्सा पास निवेदन फाराम दस्तुर | | रु. ५०/- |
| ५२ | सरसफाई शुल्क | | रु. १०/- |
| ५३ | घर खाली गराउँदा प्रति दिन | | रु. २०/- |
| ५४ | जन्म दर्ता | ३५ दिन भित्र भए निशुल्क | रु. २००/- |
| ५५ | मृत्यु दर्ता | ३५ दिन भित्र भए निशुल्क | रु. २००/- |
| ५६ | बसाई सराई | जाने | रु. २०००/- |
| | | आउने ३५ दिन पछि | रु. २००/- |
| ५७ | विवाह दर्ता | ३५ दिन भित्र भए निशुल्क | रु. २००/- |

| | | | |
|---|---|---|---|
| ५८ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | रु. १५०/- |
| ५९ | प्रतिलिपिको सिफारिस वा प्रमाणित | सबै प्रकारको | रु. ५००/- |
| ६० | सिफारिस (अंग्रेजी) | सबै प्रकार प्रति सिफारिस | रु. ५००/- |
| ६१ | प्रमाणित (अंग्रेजी) | सबै प्रकार प्रति प्रमाणित | रु. ५००/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची-१२

दफा १२ सँग सम्बन्धित

**बिक्रीको दरः**

| सामाग्रीहरु | इकाई | विक्री दर रु. |
|---|---|---|
| बालुवा/ढुंगा/गिट्टी/माटो | प्रति ट्रक | रु. १५००/- |
| बालुवा/ढुङ्गा/गिटि/माटो | प्रति ट्याक्टर | रु. ६००/- |
| बोलपत्र वा दरभाउ पत्र फारम | | रु. १०००००/- वा सो भन्दा माथि (सार्वजनिक खरिद नियमावली अनुसार) |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची-१३

दफा १३ सँग सम्बन्धित

**सम्पत्ति भाडाको दरः**

| सम्पत्ति | भाडा दर रु. |
|---|---|
| हल भाडा साउण्ड सिस्टम सहित (प्रति पटक) | रु. २०००/- |
| हल भाडा साउण्ड सिस्टम बाहेक (प्रति पटक) | रु. १०००/- |
| प्रोजेक्टर (प्रति पटक) | रु. ५००/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची -१४

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**जरिवाना, शुल्क र व्याज (हर्जाना) लाग्ने सम्बन्धी व्यवस्थाः**

**जरिवाना लाग्ने** : तल उल्लिखित कसुर गर्ने व्यक्ति, व्यवसायी वा संस्थालाई देहायको दरमा जरिवाना लाग्नेछ :

| क.स | कसुर | दण्ड जरिवाना (रू) |
|---|---|---|
| १ | स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य पदार्थहरू उत्खनन तथा बिकी अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले तोकिएको परिमाणभन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन् गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु १ जरिवाना |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | रु. १०००/- |
| ३ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | गाउँपालिकाले तोकेको व्यवसायको दोब्बर जरिवाना गरिने छ । |
| ४ | गाउँपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | रु. १०,०००/-सम्म जरिवाना गरिनेछ । |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## अनुसूची -१५(क)

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**बन पैदावार तथा काष्ठजन्य वस्तुको बिक्रि वितरण सम्बन्धी व्यवस्थाः**

| क्र.स | विवरण | निकासी हुने बस्तुको नाम | प्रति ट्याक्टर | प्रति ट्रिफर | प्रति एल्पी ट्रक दर |
|---|---|---|---|---|---|
| १ | काष्ठजन्य | खयर | रु. १.५० प्रति केजी | | |
| | | साल | रु. २०००/- | रु. ५०००/- | रु. ८०००/- |
| | | सिसौ | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| | | सल्ला | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| | | चिलाउने | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| | | कटुस / पाल्ले | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| | | उत्तिस | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| | | करम | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| | | मौवा | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| | | चाम्ला | रु. १,०००/- | रु. ३०००/- | रु. ५०००/- |
| २ | | बाँस/अन्य कुकाठ | रु. ५००/- | रु. २०००/- | रु. ४०००/- |

## अनुसूची -१५(ख)

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कृषि उपजहरुको निकासी दस्तुरः</u>**

| क सं | निकासी हुने बस्तुको नाम | एकाई | दर |
|---|---|---|---|
| १ | अलैची | प्रति कि. ग्रा. | रु. ४/- |
| २ | टिम्मुर | प्रति कि. ग्रा. | रु. ४/- |
| ३ | तेजपत्ता | प्रति मन | रु. ५०/- |
| ४ | मजिटो | प्रति कि. ग्रा. | रु. १/- |
| ५ | आलु | प्रति ट्याक्टर | रु. १०००/- |
| ६ | आलु | प्रति ट्रक/ट्रिफर | रु. ३०००/- |
| ७ | आलु | प्रति पिक अप भ्यान | रु. ५००/- |
| ८ | धान मकै कोदो लगायत खद्यान्न | प्रति मुरी | रु. ८०/- |
| ९ | दल/तेल हन | प्रति कि. ग्रा. | रु. १/- |
| १० | सुन्तला | | रु. २/- |
| ११ | किवि | | रु. १/- |
| १२ | फुल | | रु. १/- |
| १३ | कागति | | रु. २/- |
| १४ | स्कुश | | रु. ०.५/- |
| १५ | स्कुश जरा र तरुल | प्रति कि. ग्रा. | रु. १/- |
| १६ | लशुन | | रु. १/- |
| १७ | प्याज | | रु. १/- |
| १८ | फर्सी | | रु. ०.५/- |
| १९ | अन्य फलफुल तथा तरकारी | | रु. १/- |
| २० | चिराईतो | | रु. ४/- |
| २१ | रुद्राक्ष | प्रति कि. ग्रा. | रु. ५०/- |
| २२ | बोधिचित्त | | कुल मूल्याङ्कनको १० प्रतिशत |

**पशुपंक्षी तथा चौपाया वस्तुको बिक्रि निकासी दस्तुर सम्बन्धी व्यवस्थाः**

| क्र.स. | निकासी हुने बस्तुको नाम | एकाई | प्रति दर |
|---|---|---|---|
| १ | गोरु | प्रति गोटा | रु. १००/- |
| २ | गाई | प्रति गोटा | रु. १००/- |
| ३ | राँगा/थारो भैंसी | प्रति गोटा | रु. १००/- |
| ४ | भैसी (थारो बाहेक) | प्रति गोटा | रु. २००/- |
| ५ | खसी/भेडा/बोका | प्रति गोटा | रु. १००/- |
| ६ | भाले/हाँस | प्रति केजी | रु. १०/- |
| ७ | सुँगुर | प्रति गोटा | रु. १००/- |

दिप्रुङ चुइचुम्मा गाउँपालिका

**अनुसूची-१६**

**(दफा १७ को उपदफा १ सँग सम्बन्धित)**

**आधारभूत अस्पताल ओखे एवं हेल्लो डाक्टर कार्यक्रमसंग सम्बन्धितः**

| क्र. सं. | राजश्व शीर्षक | एकाई | दर | |
|---|---|---|---|---|
| १ | आधारभूत अस्पताल बिरामी पुर्जा शुल्क | प्रति व्यक्ति | रु. ५०/- | एक पुर्जा शुल्कले सोहि ब्यक्तिलाई एक हप्तासम्म निशुल्क सेवा उपलब्ध हुने । |
| २ | इमर्जेन्सी सेवा | प्रति व्यक्ति | रु.२००/- | एक पटकका लागि मात्र मान्य हुने। |
| ३ | निरोगिता प्रमाणपत्र | प्रति व्यक्ति | रु.१००/- | एक पटकका लागि मात्र मान्य हुने । |
| ४ | हेल्लो डाक्टर कार्यक्रम सेवा शुल्क | प्रति व्यक्ति | रु. ५०/- | एक पटकका लागि मात्र मान्य हुने । |
| ५ | पोष्टमार्टम सेवा | प्रति पोष्टमार्टम | रु.३,०००/- | |
| ६ | स्वास्थ्य उपकरण सामग्री वापतको विषाधि/औषधि | २०% | | |

<u>आधारभूत अस्पतालको ल्याब सेवा शुल्क दरः</u>

दिप्रुङ चुइचुम्मा गाउँपालिका

| S.N | Name Of list | Unit | Price |
|---|---|---|---|
| 1 | CBC | Per visit | Rs. 250.०० |
| 2 | HB | Per visit | Rs. 50.०० |
| 3 | WBC | Per visit | Rs. 50.०० |
| 4 | DC | Per visit | Rs. 80.०० |
| 5 | Platelates | Per visit | Rs. 50.०० |
| 6 | Bleeding Time | Per visit | Rs. 80.०० |
| 7 | Clotting Time | Per visit | Rs. 80.०० |
| 8 | HIV | Per visit | Rs. 200.०० |
| 9 | HBSAG | Per visit | Rs. 200.०० |
| 10 | ESR | Per visit | Rs. 50.०० |
| 11 | ASO | Per visit | Rs. 180.०० |
| 12 | RA Factor | Per visit | Rs. 180.०० |
| 13 | HCG | Per visit | Rs. 50.०० |
| 14 | CRP | Per visit | Rs. 180.०० |
| 15 | Blood Grouping/RH typing | Per visit | Rs. 50.०० |
| 16 | Calcium | Per visit | Rs. 150.०० |
| 17 | Serum Albumin | Per visit | Rs. 180.०० |
| 18 | HCV | Per visit | Rs. 200.०० |
| 19 | Widal Test | Per visit | Rs. 150.०० |
| 20 | H.Pylori | Per visit | Rs. 300.०० |
| 21 | Urine/R/E | Per visit | Rs. 50.०० |
| 22 | Stool R/e | Per visit | Rs. 50.०० |
| 23 | Stool Occcult Blood | Per visit | Rs. 100.०० |
| 24 | VDRL | Per visit | Rs. 200.०० |
| 25 | Fasting Sugar | Per visit | Rs. 50.०० |
| 26 | Sugar PP | Per visit | Rs. 50.०० |
| 27 | Urea | Per visit | Rs. 150.०० |
| 28 | RBS | Per visit | Rs. 50.०० |

| | | | |
|---|---|---|---|
| 29 | Creatinine | Per visit | Rs. 150.०० |
| 30 | Bilirubin T | Per visit | Rs. 100.०० |
| 31 | Bilirubin D | Per visit | Rs. 100.०० |
| 32 | Total Cholesterol | Per visit | Rs. 200.०० |
| 33 | Triglycerides(TG) | Per visit | Rs. 200.०० |
| 34 | ANC Package | Per visit | Free |
| 35 | Urine Albumin | Per visit | Rs. 80.०० |
| 36 | Lipid Profile | Per visit | Rs. 500.०० |
| 37 | Dengue | Per visit | Rs. 150.०० |
| 38 | RFT | Per visit | Rs. 500.०० |
| 39 | LFT | Per visit | Rs. 500.०० |
| 40 | Troponin | Per visit | Rs. 400.०० |
| 41 | PTINR | Per visit | Rs. 300.०० |
| 42 | Kalazar | Per visit | Rs. 150.०० |
| 43 | Malaria | Per visit | Rs. 150.०० |
| 44 | UPT | Per visit | Rs. 80.०० |
| 45 | USG Service | Per visit | Rs. 300.00 |
| 46 | Sodium | Per visit | Rs. 200.00 |
| 47 | Potassium | Per visit | Rs. 200.00 |
| 48 | Amylase | Per visit | Rs. 200.00 |
| 49 | HDL | Per visit | Rs. 50.00 |
| 50 | LDL | Per visit | Rs. 50.00 |
| 51 | ECG | Per visit | Rs. 150.०० |
| 52 | Video x-ray | Per visit | Rs. 300.00 |
| 53 | X-ray | Per visit | Rs. 300.00 |

## अनुसूची -१७
## (दफा १७ को उपदफा १ सँग सम्बन्धित)
## गाउँपालिकाका लागि आवश्यक कर्मचारीहरुको करार सेवामा परीक्षा सञ्चालनका लागि परीक्षा दरखास्त शुल्कः

| क्र.स. | परीक्षा हुने पद | तह/श्रेणी | शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | अधिकृतस्तर | - | रु. १,५००/- | सबै सेवा/समूह |
| २ | सहायकस्तर | पाँचौ तह | रु. १,०००/- | सबै सेवा/समूह |
| ३ | | चौथो तह | रु. ८००/- | सबै सेवा/समूह |
| ४ | श्रेणी बिहिन | - | रु. ५,००/- | |

**ब्याज (हर्जाना) लाग्ने** : कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हुकमा तिर्न बुझाउनु पर्ने रकमको वार्षिक पन्ध प्रतिशतका दरले व्याज (हर्जाना) लाग्नेछ ।

**समयमा विवरण दाखिदा नगरेमा शुल्क लाग्ने** : यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएको करदाताले समयमा विवरण दाखिला नगरेमा यस ऐन बमोजिम तिर्नुपर्ने करको दोब्बर रकम विलम्ब शुल्क सहित लाग्ने कर निजबाट असुल गरिनेछ।

**झुट्टा विवरण दिएमा जरिवाना लाग्नेः** यस ऐन तथा प्रचलित कानुन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको १५ देखि २० प्रतिशत रकम जरिवाना सहित लाग्ने कर निजबाट असुल गरिनेछ ।

**व्याज (हर्जाना) नलाग्नेः** यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज (हर्जाना) र जरिवानामा पुनः ब्याज (हर्जाना) लाग्ने छैन ।

**आज्ञालेः**
मोहन कृष्ण प्रसाद सेठ
प्रमुख प्रशासकीय अधिकृत